लुम्बिनी प्रदेश सरकार

मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय

प्रदेश सुशासन केन्द्र

नेपालगंज, बाँके

# प्यूठान नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन (आ.व. २०७८/०७९)

प्यूठान नगरपालिका, प्यूठान

लुम्बिनी प्रदेश


कन्सल्टेन्ट:

माडी कन्सल्टेन्सी प्रा.लि.

ललितपुर म.ना.पा. – ४, ललितपुर


मिति :

चैत्र २०७९

## कृतज्ञता

यस "कलस्टर १९ प्यूठान जिल्लाको स्वर्गद्वारी नगरपालिका, माण्डवी गाउँपालिका र प्यूठान नगरपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण (लै.स.सा.स.) परीक्षण गर्न माडी कन्सल्टेन्सी प्रा.लि. ललितपुर लाई जिम्मेवारी दिनुभएकोमा प्रदेश सुशासन केन्द्र, नेपालगंज बाँकेका कार्यकारी निर्देशक तथा सम्पूर्ण कार्यालय परिवार प्रति हामी कृतज्ञता व्यक्त गर्दछौ।

साथै **प्यूठान नगरपालिका**का नगर प्रमुख **श्री विष्णु बहादुर योगी** , उप-प्रमुख **श्री देवेन्द्र वर्मा** , प्रमुख प्रशासकीय अधिकृत **श्री महेशकुमार गुरुङ** तथा यस कार्यमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा सहयोग गर्नुहुने सबैलाई धन्यवाद दिन चाहन्छौं ।

.....................

युवराज घर्तीमगर

प्रमुख कार्यकारी अधिकृत

माडी कन्सल्टेन्सी प्रा. लि.

ललितपुर म.ना.पा. — ४, ललितपुर

# बिषयसुची

**परिचय खण्ड ........ २**

**१. पृष्ठभूमि........ २**
**२. अध्ययनको महत्व ........ ३**
**३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरुः........ ४**
**४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणले समेट्ने क्षेत्रहरु ........ ५**
**५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि र तरिका ........ ६**
५.१ तयारी चरण........ ६
५.२ कार्यान्वयन चरण ........ ६
**६. लैससास परीक्षणका सहभागीहरु ........ ७**

**तथ्यांक प्रस्तुतिकरण खण्ड ........ ८**

**७. तथ्याँक प्रस्तुतिकरण र व्याख्या -विभिन्न तालिकाहरुमा ........ ८**

**विश्लेषण खण्ड ........ ९**

**८. लैससास परीक्षण विष्लेषणका औजारहरु ........ ९**
**९. तथ्यांकको तुलनात्मक अध्ययन तथा विश्लेषण ........ ९**
**१०. लैससास परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था ........ ९**
१०.१ परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेका अंकहरु ........ १०
१०.२ लैससास परीक्षण नतिजाको माकुरी जालो ........ ११
**११. प्यूठान नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु ........ १३**
**१२. लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना........ १८**
**१३. निश्कर्ष ........ २२**
**१४. सुझावहरु........ २३**

# परिचय खण्ड

## १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा नै लैङ्गिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था गरेको छ । महिलाको हक सम्बन्धी धारा ३८ ले समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन् स्वास्थ्य सम्बन्धी, राज्यका सवै सरकारमा सहभागिता हुने अधिकार, सम्पत्ति तथा पारिवारिक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगारी र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ। यसका साथै महिला विरुद्ध हुने हिंसाजन्य कार्यहरु कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ । समानताको हकले नागरिकहरु सामाजिक र सांस्कृतिकरुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तीकरण र विकासको लागि संविधानमा विशेष प्रावधानहरु राखिएको छ।सामाजिक न्यायको हकले तीन वटै तहका सरकारहरुले समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा नागरिक सहभागिता सुनिश्चित गर्नुपर्ने व्यवस्था गरेको छ।

नेपालमा सरकारी स्तरबाट महिला तथा बञ्चितिमा परेका वर्गहरुलाई विकासको मुलप्रवाहमा ल्याई समावेशी विकास गर्ने उदेश्यले लैससास सम्बन्धी नीतिलाई स्थानीय तहमा कार्यान्वयन गर्न संघीय, प्रादेशिक तथा स्थानीय सरकारहरुले अधिकतम प्रयासहरु गरिरहेका छन्। यसै परिप्रेक्ष्यमा राज्यको सबै संरचनाहारुमा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीति कार्यन्वयन गर्नका लागि महिला बालबालिका तथा जेष्ठ नागरिक मन्त्रालयले राष्ट्रिय लैंङ्गिक समानता नीति २०७७ तथा संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले गाउँपालिका/नगरपालिका सामाजिक समावेशीकरण नीति, २०७८ (नमूना) तर्जुमा गरेको छ।

स्थानीय सरकार सञ्चालन ऐन २०७४ मा लैङ्गिक समानता तथा सामजिक समावेशीकरण (लैससास) सम्बन्धी व्यवस्था प्रस्तावनामा नै उल्लेख गरिएको छ। यसका अलवा दफा ११ को गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारको उपदफा २ (त) मा ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्ति र अशक्तहरुको व्यवस्थापनको जिम्मेवारी अन्तरगत विभिन्न कार्यक्रमहरु सञ्चालन गर्ने अधिकार प्रदान गरेको छ भने दफा २४ उपदफा (२) मा स्थानीय तहले योजना तर्जुमा गर्दा नेपाल सरकार, प्रदेश सरकारको नीति, लक्ष्य, उद्देश्य समयसिमा र प्रकृयासँग अनुकूल हुनेगरी सुशासन, वातावरणमैत्री, बालमैत्री, जलवायु परिवर्तन अनुकूल, विपद् व्यवस्थापन, लैङ्गिक तथा सामाजिक समावेशीकरण जस्ता अन्तरसम्बन्धित विषयलाई ध्यान दिनुपर्ने व्यवस्था उल्लेख गरिएको छ। यसैगरी सोही दफाको उपदफा (३) गाउँपालिका तथा नगरपालिकाले आफ्ना योजना, नीति तथा बजेट तर्जुमा गर्दा महिला बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

अभिवृद्धि हुने खालका योजना तथा कार्यक्रमहरुलाई प्राथमिकता दिनु पर्नेछ भनि उल्लेख गरेको छ।

संयुक्त राष्ट्रसङ्घको साधारण सभाले सन् २०१६ देखि २०३० सम्ममा हासिल गर्नुपर्ने दिगो विकासका १७ वटा लक्ष्य र १६९ वटा उप-लक्ष्यहरु पारित गरेको छ। दिगो विकासका लक्ष्यहरुले विशेष गरी हरेक व्यक्तिको स्वाभिमान, स्वतन्त्रता, समानताका साथै भोक, गरिबीको अन्त्य गर्दै शिक्षित तथा स्वस्थ जीवनयापनका लागि परिकल्पना गर्दछ। यसका साथै यी लक्ष्यहरुले गरिबीको रेखामुनि रहेका बालबालिका, किशोरकिशोरी, महिला अपाङ्गता भएका व्यक्ति, यौनिक अल्पसङ्ख्यक, पछाडी पारिएका समुदाय जस्तै दलित, जनजाती, आदिवासीहरुको आवश्यकताहरुलाई समेट्ने उद्देश्य राखेको छ। चरम गरिबीको अन्त्य गर्न, असमानता हटाउन, विभेदसँग लड्न र पछाडि परेका व्यक्ति र समुहको द्रुत गतिमा प्रगती गर्नका लागि कोहि पनि पछाडि नछुट्ने भन्ने मुख्य सिद्धान्तलाई दिगो विकास लक्ष्यहरुले अङ्गीकार गरेको छ। पन्ध्रौं योजनाको आधारपत्रमा क) लैङ्गिक समानता तथा महिला सशक्तीकरण ख) बालबालिका तथा किशोरकिशोरी ग) ज्येष्ठ नागरिक घ) अपाङ्गता भएका व्यक्ति ङ) सामाजिक सुरक्षा तथा संरक्षण च) समावेशीकरण लगायतका विषयहरुलाई छुट्टै शीर्षकमा राखिएको छ।

संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयले तयार गरेको लैससास परीक्षण कार्यविधि २०७८ ले स्थानीय तह अन्तर्गत लैंगिक तथा सामाजिक विकास सम्बन्धमा सैद्दान्तीक तथा व्यवहारीक ज्ञानको साथै संविधानको मर्म र भावना अनुरूप, राष्ट्रिय तथा अन्तराष्ट्रिय कानून, लक्ष्य तथा प्रतिबद्दताहरुलाई स्थानीयकरण गरी स्थानीय सरकारले नीति, कानून, योजना कार्यक्रमलाई लैससास संवेदनशील तथा उत्तरदायी बनाउन महिला तथा सामाजिक रुपमा पिछडिएका समुदायको सशक्तिकरण र अर्थपूर्ण सहभागिता सुनिश्चित गर्नु पर्नेछ। साथै विकास प्रकृयामा लैससासका मुद्दाहरुलाई समावेश गर्ने र विकासका कार्यक्रमको लाभ प्राप्तिमा समतामुलक तथा न्यायोचित अवसर सुनिश्चित गराउनका लागि यही कार्यविधिलाई आधार मानेर प्यूठान नगरपालिकामा मिति २०७९ चैत १४ र १५ गते नगरपालिकाका पदाधिकारी र कर्मचारीहरुको सहभागितामा लैससास परीक्षण सम्पन्न भएको छ।

## २. अध्ययनको महत्व

समानुपातिक समावेशीताका आधारमा राज्यको सबै संस्थागत संरचनाहरुमा महिला, बालबलिका, दलित, आदिवासी, जनजाति मधेसी, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग सबैलाई सहभागी गराउने संवैधानिक व्यवस्था गरिएको परिदृश्यमा नगरपालिकाले लैंगिक समानता तथा सामाजिक समावेशीकरणको अवधारणालाई कार्यान्वयन गरी समतामुलक समाजको स्थापना गर्ने कार्यमा यस लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको महत्वपूर्ण भूमिका रहेको छ। हालको अवस्थामा नगरपालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण प्रवर्द्दनका कार्यहरु के कति भएका छन् भन्ने कुराको निक्यौल गर्ने कार्य हो। यसवाट

नगरपालिकाले  नीति, कानून र योजना तर्जुमा गर्दा  लैङ्गिक तथा सामाजिक समावेशीकरण संवेदनशीलताको प्रयोग र यस दृष्टीकोणको उपयोगको अवस्था कस्तो रहेको छ ? नगरपालिकाको संस्थागत संरचनामा लैससासको अवस्था कस्तो छ ? नगरपालिकाको जनशक्ति र जनप्रतिनिधिको व्यवस्थापनमा लैससासको अभ्यास कस्तो छ र यसवाट सहभागिता र निर्णय प्रक्रियामा के प्रगती भएको छ ? सेवा प्रवाहको क्रममा लैससासको अवधारणालाई कसरी कार्यन्वयन गरिएको छ ? सेवा प्रवाहमा अझै महिला तथा बिपन्न समदुायका नागरिकहरु अझै बहिस्करणमा परेका छन् ? सुशासनका अभ्यासहरुको अवस्था के छ ? सुशासनमा लैससासको कार्यान्वियनको अबस्था कस्तो छ ? यी कुराहरुको परीक्षण गरिने हुँदा नगरपालिकामा नियमित लैससास परीक्षणको आवश्यकता रहेको छ ।

यस लैससास परिक्षणले नगरपालिकामा गत आर्थिक बर्षमा कार्यलयबाट भएका सबैखाले सेवा प्रवाहमा लैससासको अवधारणाको कार्यान्वयन अवस्थाको चित्रण गर्दछ। यसबाट उक्त क्षेत्रको सबल र कमजोर पक्षहरु तथा अवसर र चुनौतीहरुको पहिचान विधिवत रुपमा पहिचान हुने भएकाले आगामी दिनहरुमा के-कस्ता पहलहरु गर्ने बारेमा योजना तथा कार्यक्रमहरु तयार गर्न सहज हुने गर्दछ।

लैससास परीक्षण प्रकृयामा संलग्न पदाधिकारी तथा कर्मचारीहरूलाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको पक्षमा उत्तरदायी हुने तर्फ पनि उन्मुख गराउँदछ। नगरपालिकालाई लैससास मूलप्रवाहीकरण तथा महिला सशक्तिकरण सम्बन्धी कार्यक्रममा प्रभावकारिता बढाउन र संस्थागत अपनत्वको भावना जर्गेना गर्न पनि सघाउ पु-याउँदछ।लैससास परीक्षणद्धारा कार्यक्रम तथा बजेटको विश्लेषण गरी आगामी वर्षको कार्यक्रम तथा बजेटलाई यस दृष्टिकोणबाट तय गर्न मद्दत पु-याउँदछ।

## ३. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको उद्देश्यहरुः

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणको मुख्य उद्देश्य लैससास अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा स्थानीयकरण गरी नगरपालिकाले गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक स्रोतको सुनिश्चित, समतामुलक वितरण तथा उपयोगि बनाउने रहेको छ। यसका विस्तारित उद्देश्यहरु यस प्रकार रहेका छन् ।

क) लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत नगरपालिका तहको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र अपाङ्गता भएका व्यक्ति, सबै जातजाति, वर्ग, क्षेत्र र लिङ्गको अर्थपूर्ण सहभागिता गराई लैङ्गिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैङ्गिक मूलप्रवाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

ख) महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरी उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिवृद्धि गरी स्थानीय तहको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

ग) स्थानीय तहको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा लैससास दृष्टिकोणबाट अनुगमन तथा मूल्यॉंकन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने।

घ) लैससास परीक्षणको नतिजाका आधारमा समस्या तथा चुनौतीहरुको पहिचान गरी समयमै समाधान गर्ने तथा भावी योजना तथा कार्यक्रमका लागि नीतिगत सुझाव दिने।

## ४. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण (लैससास) परीक्षणले समेट्ने क्षेत्रहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७८ ले समेटेका निम्नअनुसारका ५ वटा मुल विषय तथा २२ वटा सह-बिषयहरु केन्द्रित रही नगरपालिकाको लैससास परीक्षण गरियो।

| मूल विषय | सहायक बिषय |
|---|---|
| १. नीति, कानून, योजना | १.१ नीति कानूनमा समावेशीता, सहभागिता |
| | १.२ योजना तर्जुमा तथा कार्यान्वयन |
| | १.३ बजेट तर्जुमा तथा कार्यान्वयन |
| २. संस्थागत व्यवस्था | २.१ कर्मचारी पदाधिकारी प्रतिनिधित्व |
| | २.२ कार्यप्रणाली समावेशी |
| | २.३ समिति, उपसमिति र कार्यदलमा प्रतिनिधित्व |
| | २.४ वित्त व्यवस्थापन प्रणालीमा समावेशीता |
| | २.५ तथ्याङ्क संकलन तथा व्यवस्थापन |
| ३. मानव संसाधन तथा क्षमता विकास | ३.१ मानव संसाधन तथा क्षमता विकास |
| | ३.२ अनौपचारीक मुल्य, मान्यता र कुसंस्कार विरुद्द जनचेतना |
| | ३.३ कानूनी साक्षरता |
| | ३.४ विपद् व्यवस्थापनमा समावेशीता |
| ४. सेवा प्रवाह | ४.१ पूर्वाधार विकास |
| | ४.२ प्रजनन् स्वास्थ्य |
| | ४.३ शिक्षा कार्यक्रम |
| | ४.४ खानेपानी तथा सरसफाई |
| | ४.५ स्वारोजगार तथा आय आर्जन र बजार व्यवस्थापन |
| ५. सुशासन तथा उत्तरदायित्व | ५.१ सुशासन |
| | ५.२ उत्तरदायित्व र जवाफदेहिता |
| | ५.३ सुचना तथा संचार |
| | ५.४ अनुगमन तथा मुल्याङ्कन |
| | ५.५ समवन्य र सम्बन्ध विस्तार |

## ५. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको विधि र तरिका

स्थानीय तह लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७८ मा उल्लेख भए बमोजिम नगरपालिकाको लैससास परीक्षण २०७९ चैत्र १४ र १५ गते निम्न दुई चरणमा विभाजन गरी देहाय अनुसार सम्पन्न गरियो।

### ५.१ तयारी चरण

- लैससास कार्यान्वयन समितिको गठन गरी उक्त समितिको बैठक वसि लैससास परीक्षणको लागि प्यूठान नगरपालिका वडा न.१ का अध्यक्ष ज्युको संयोजकत्वमा, निमित्त प्रमुख प्रशासकीय अधिकृत  तथा सामाजिक विकास शाखा प्रतिनिधि सहित जम्मा ५ सदस्यीय लैससास परीक्षण कार्यदल गठन गरिएको थियो। त्यही कार्यदलको निर्णय अनुसार लैससास कार्यशाला गोष्ठी संचालनको लागी मिति स्थान, समय, अवधि तोकिएको र सहभागीहरु छनोट गरियो।
- कार्यदल तथा लैससास विज्ञले नगरपालिकाको दस्तावेजहरु जस्तै वार्षिक नीति तथा कार्यक्रम, योजना, वार्षिक प्रगती प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासीक तथा वार्षिक समीक्षाको प्रतिवेदन, विकास वुलेटिन, नगर प्रोफाईल, विभिन्न समयमा भएका निर्णयहरुको लैससास दृष्टिकोणले विश्लेषण र पुनरावलोकन गरियो।

### ५.२ कार्यान्वयन चरण

- लैससास परीक्षण कार्यक्रम भएको हुनाले नगरपालिकाका प्रमुख, निमित्त प्रमुख प्रशासकीय अधिकृत, कार्यपालिका सदस्यहरु, वडा अध्यक्षहरु, सम्पुर्ण शाखा प्रमुख तथा प्रतिनिधिहरु र सम्बन्धित सरोकारवालाहरुलाई लैससासको अवधारणा र लैससास परीक्षणको महत्व बारे प्रष्ट पारियो।
- लैससास परीक्षणमा सबै सहभागिलाई ५ वटा समुहमा विभाजन गरी प्रत्येक समुहलाई एउटा एउटा मुल शीर्षकमा गहन छलफल गर्न लगाई प्राप्त नतिजालाई पुनः ठुलो समुहमा छलफल गराई अंक भार निर्धारण गरियो।
- लैससासको दृष्टिकोण बाट नगरपालिकाको सवल पक्षहरु, कमजोरीहरु, अवसर र चुनौतीहरुको विश्लेषण (SWOT Analysis) गरियो ।
- नगरपालिकाको संस्थागत लेखाजोखा गर्दा नीति, कानून र योजना, संस्थागत व्यवस्था, मानव संसाधन तथा क्षमता विकास, सेवा प्रवाह र सुशासन तथा उत्तरदायित्व गरी मुख्य ५ वटा मुल बिषयको २२ वटा सहायक विषयको १०० वटा सूचकहरुका आधारमा गरिएको थियो । छलफलका आधारमा उक्त बुँदा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा वा सो बिषय  कुनै काम नै हुँदै नभएमा ० अंकहरु प्रदान गरिएको थियो।

- अन्तमा ५ वटा मुल शीर्षकहरु र २२ वटा सहायक शीर्षकहरुमा प्राप्त अंकहरुलाई माकुरी जालो विधि र स्तम्भ चित्रविधि बाट प्रस्तुत गरिएको थियो। सो चित्रले देखाएका राम्रा पक्षलाई निरन्तरता दिदै, कमजोर पक्षहरुलाई सुधार गर्दै आगामी दिनमा नगरपालिकाले ति क्षेत्रहरुलाई प्राथमिकतामा राखि कार्यक्रमहरु गर्नको लागि एकिकृत कार्य योजना बनाईएको थियो।

**१. दस्तावेजहरुको अध्ययन**

- नगरपालिकाले तयार गरी कार्यान्वयमना ल्याएका नीति, कानून, निर्देशिका, कार्यविधि
- आ.व. २०७८/०७९ को नीति तथा कार्यक्रमहरु
- वार्षिक तथा चौमासीक प्रगती समीक्षा प्रतिवेदन
- योजना छनोट तथा उपभोक्ता समिति गठन निर्देशिका
- न्यायिक समितिको निर्णय तथा प्रकृयाहरु, न्यायिक समितिको वार्षिक प्रतिवेदन
- अनुगमन समितिको प्रतिवेदनहरु
- लैससास रणनीति २०७८
- आ. व. २०७७/०७८ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण प्रतिवेदन

**२. मुख्य सुचनादातासंग छलफल**

- उपप्रमुख
- सामाजिक विकास शाखा प्रमुख तथा प्रतिनिधिहरु
- अन्य शाखागत प्रमुख तथा प्रतिनिधिहरु

**३. स्थलगत अवलोकन**

- कार्यलयको भौतिक संरचना
- कर्मचारी तथा पदाधिकारिको लैससास सम्बन्धी बुझाई तथा लैससास मैत्री व्यवहार

## ६. लैससास परीक्षणका सहभागीहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यक्रममा नगर प्रमुख, उपप्रमुख, वडा अध्यक्षहरु, निमित्त प्रमुख प्रशासकीय अधिकृत साथै अन्य पदाधिकारीहरु र सम्पुर्ण बिषयगत शाखाको प्रमुख तथा प्रतिनिधिहरुको उपस्थितिमा गोष्ठी संचालन भएको थियो।

| सहभागी | दलित | जनजाती | मधेशी | बाहुन क्षेत्री | मुस्लीम | अन्य | जम्मा |
|---|---|---|---|---|---|---|---|
| महिला | २ | २ | | ६ | | | १० |
| पुरुष | २ | | | २२ | | | २४ |
| अन्य | | | | | | | |
| जम्मा | ४ | २ | | २८ | | | ३४ |

# तथ्यांक प्रस्तुतिकरण खण्ड

## ७. तथ्याँक प्रस्तुतिकरण र व्याख्या -विभिन्न तालिकाहरुमा

### स्तम्भ चित्र विधि




चित्रमा जम्मा ५ वटा मुख्य क्षेत्रहरु मध्ये लैससास परीक्षणको नतिजा अनुरुप मानव संसाधन तथा क्षमता विकास सबै भन्दा राम्रो त्यस्तै, सुशासन तथा उत्तरदायित्व, संस्थागत व्यवस्था र सेवा प्रवाहमा मध्यम र नीति, कानुन, योजना बिषय केहि कमजोर अवस्थामा देखिन्छ।



# विश्लेषण खण्ड

## ८. लैससास परीक्षण विष्लेषणका औजारहरु

यस प्यूठान नगरपालिकाको लैससास परीक्षण गर्दा लैससास परीक्षण कार्यविधिमा उल्लेख भए अनुसार सहभागिहरुलाई विषयगत ज्ञानको आधारमा ५ वटा समुहमा विभाजन गरी प्रत्येक पाँचवटा मुल विषयका सुचकहरुमा छलफल गर्न लगाई पाँचबटा मुल बिषयमा प्राप्ताङ्कलाई माकुरोको जालो विधि र स्तम्भ चित्र विधि बाट विश्लेषण गरियो। त्यस्तै २२ वटै सह बिषयले प्राप्त गरेका अंकलाई माकुरोको जालो विधिबाट विश्लेषण गरिएको थियो। नतिजाको माकुरो जालो विधि र स्तम्भ चित्रबाट विश्लेषण पश्चात् सबै मुल बिषयको सबल पक्ष, सुधार गर्नु पर्ने पक्ष, अवसर तथा चुनौतीहरु प्रस्तुत गरिएको थियो। अन्त्यमा सुधार गर्नुपर्ने पक्षको आधारमा कार्ययोजना बनाई कार्यान्वयनको लागि प्रतिवद्दता गरिएको थियो।

## ९. तथ्यांकको तुलनात्मक अध्ययन तथा विश्लेषण

आ. व.२०७८/०७९ को लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणको प्राप्त नतिजा अनुसार मूख्य विषयहरुमा मानव संसाधन तथा क्षमता विकास सवै भन्दा राम्रो देखिएको, यसमा कुल पुर्णाङ्क २० मा १६.५ अंक प्राप्त गरेको छ। त्यस्तै गरी सुशासन तथा उत्तरदायित्व २० मा १५.५ अंक प्राप्त गरेको छ। संस्थागत व्यवस्थामा पनि २० मा १५.५ अंक र सेवा प्रवाह २० मा १५ अंक प्राप्त गरेको छ र सवै भन्दा कम नीति, कानून, योजनामा २० मा १४ अंक प्राप्त गरेको छ। यस प्राप्तांकको आधारमा नीति, कानून, योजना सवै भन्दा कमजोर देखिन्छ।

सह विषयहरुको अवस्थालाई विश्लेषण गर्दा स्वारोजगार तथा आय आर्जन र बजार व्यवस्थापनमा ४ मा १.५ अंक, सुचना तथा संचारमा पनि ४ मा १.५ अंक, पूर्वाधार विकासमा ४ मा २ अंक प्राप्त गरी यी सह विषयहरु कमजोर अवस्थामा देखिन्छ। तुलनात्मक रुपमा धेरै सह विषयहरुमा राम्रो देखिएको र आगामी दिनमा अझै राम्रो नतिजा ल्याउनको लागि यी कमजोर अवस्थामा रहेको सह विषयहरुलाई विशेष प्राथमिकतामा राखेर कार्य योजना तयार गर्नु पर्दछ। समग्रमा ७६.५ अंक प्राप्त गरी नतिजा राम्रो देखिन्छ ।

## १०. लैससास परीक्षण विधिवाट देखिएका लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणको अवस्था

प्यूठान नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण गरिसकेपछि प्रमुख ५ वटा मुल शीर्षकका सय वटा सुचकहरुमा प्राप्त गरेको अंकलाई विश्लेषण गरी छलफल गरिएको थियो। जम्मा १०० अंकभार रहेको सुचकहरुमा नगरपालिकाले ७६.५ अंक हासिल गरेको छ। परीक्षण पश्चात सुचकहरुले प्राप्त गरेको अंकलाई तलको तालिकामा प्रस्तुत गरिएको छ।

## १०.१ परीक्षण पश्चात प्रमुख सूचकहरुले प्राप्त गरेका अंकहरु

| क्र.स | मुल विषय तथा सह विषयहरु | पुर्णाङ्क | प्राप्ताङ्क |
|---|---|---|---|
| **१** | **नीति, कानून योजना** | **२०** | **१४** |
| १.१ | नीति कानूनमा समावेशीता | ८ | ६.५ |
| १.२ | योजना तर्जुमा तथा कार्यान्वयन | ८ | ५ |
| १.३ | बजेट तर्जुमा तथा कार्यान्वयन | ४ | २.५ |
| **२** | **संस्थागत व्यवस्था** | **२०** | **१५.५** |
| २.१ | कर्मचारी पदाधिकारी प्रतिनिधित्व | ४ | २.५ |
| २.२ | कार्यप्रणाली समावेशीता | ४ | २.५ |
| २.३ | समिति उपसमिति तथ कार्यदलमा प्रतिनिधित्व | ४ | ४ |
| २.४ | बित्त व्यवस्थापन | ४ | ३ |
| २.५ | तथ्याङ्क संकलन तथा व्यवस्थापन | ४ | ३.५ |
| **३** | **मानव संशाधन तथा क्षमता विकास** | **२०** | **१६.५** |
| ३.१ | मानव संसाधन तथा क्षमता विकास | ८ | ६ |
| ३.२ | अनौपचारीक मुल्य, मान्यता र कुसंस्कार विरुद्द जनचेतना | ४ | ३.५ |
| ३.३ | कानूनी साक्षरता | ४ | ३.५ |
| ३.४ | विपद् व्यवस्थापनमा समावेशीता | ४ | ३.५ |
| **४** | **सेवा प्रवाह** | **२०** | **१५** |
| ४.१ | पूर्वाधार विकास | ४ | २ |
| ४.२ | प्रजनन् स्वस्थ्य | ४ | ४ |
| ४.३ | शिक्षा कार्यक्रम | ४ | ४ |
| ४.४ | खानेपानी तथा सरसफाई | ४ | ३.५ |
| ४.५ | स्वारोजगार तथा आय आर्जन र बजार व्यवस्थापन | ४ | १.५ |
| **५** | **सुशासन तथा उत्तरदायित्व** | **२०** | **१५.५** |
| ५.१ | सुशासन | ४ | ३ |
| ५.२ | जफावदेहिता तथा उत्तरदायित्व | ४ | ४ |
| ५.३ | सुचना तथा संचार | ४ | १.५ |
| ५.४ | अनुगमन तथा मुल्याङ्कन | ४ | ३ |
| ५.५ | समवन्य तथा सम्बन्ध विस्तार | ४ | ४ |
| | **कुल जम्मा** | १०० | ७६.५ |

## १०.२ लैससास परीक्षण नतिजाको माकुरी जालो



## सह बिषयहरुको अवस्था विश्लेषण



## ११. प्यूठान नगरपालिकाको लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमा सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरु

| मूल शीर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| नीति, कानून, योजना | • मस्यौदाको बिषयबस्तु र शब्द चयन समाबेशी र सहभागितामुलक भएको<br>• नीति कानुन योजना गर्नुपूर्व लै.स.सा.स दृष्टिले उपयुक्त भए नभएको लेखाजोखा<br>• योजनाहरुमा लैगिक समानता तथा समाबेशी कुराहरु समाबेश भएको<br>• दीगो विकासका लक्ष्यहरू विशेष गरेर लक्ष्य ५ लैङ्गिक समानता प्राप्त गर्ने विषयलाई स्थानीयकरण गरी बजेट विनियोजन गर्ने गरेको।<br>• नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान कार्यान्वयन भएको।<br>• बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा बञ्चितीकरणमा परेको समुदायलाई फाइदा पुग्ने गरी केहि प्रतिशत बजेट छुट्याउने गरेको। | • योजना तर्जुमाको चरणमा नै महिला तथा बञ्चितिकरणमा परेका समुदायसंग छलफल गरी उनीहरुको व्यावहारिक तथा रणनीतिक आवश्यकता पहिचान गरेर योजना तर्जुमा गर्नुपर्ने। | • जनप्रतिनिधिहरुमा उच्च मनोवल र प्रतिबद्धता हुँदा कर्मचारी तथा जनप्रतिनिधिमा राम्रो तालमेल हुन सके नमुना नगरपालिका निर्माणको सम्भावना ।<br>• लैससास रणनीति २०७८, लैंगिक हिंसा निवारण कोष नियमावली २०७७ तथा अन्य उपलव्ध नीति, नियम र कानूनको कार्यन्वयन वाट समतामूलक समाजको निर्माण गर्न योगदान पुग्ने। | • आर्थिक स्रोत अभावले गर्दा विकासमा चुनैती ।<br>• लैससास नगरको प्राथमिकतामा नपर्नु। |

| मूल शीर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| संस्थागत व्यवस्था | • समिति, उपसमिति तथा कार्यदलमा महिला तथा बञ्चितिकरणमा परेका समुदायको समावेशी प्रतिनिधित्व तथा निर्णायक तहमा समान तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरेको<br>• आधारभूत खण्डिकृत सूचना/तथ्यांक संकलन गर्ने गरेको र सूचनालाई आधार मानि स्थानीय विकास योजना तर्जुमा गर्ने गरेको | • सामाजिक समावेशीकरण बढाउनको लागि लैससास कार्यन्वयन समितिलाई सक्रिय बनाउनु पर्ने। | • स्थानीय सरकारले सबै क्षेत्रमा चाहे जतिको बजेट बिनियोजन गरी कार्यान्वयन गर्न सक्ने<br>• महिला तथा बन्चितिकारणमा परेको समुदायको हित हुने गरी दिएको सुझावलाई कार्यान्वयन गर्न सक्ने | • साधन/ स्रोतहरु समिति रहेकोले आवश्यकता परिपूर्ति गर्न कठिन |
| मानव संसाधन तथा क्षमता विकास | • लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी तालिम संचालन लगायतका कार्यक्रम कार्यान्वयन गर्न सक्ने दक्ष जनशक्ति भएको।<br>• महिला र लक्षित समुदाय लक्षित लोक सेवा आयोग पूर्व तयारी कक्षा सञ्चालन कार्यक्रम रहेको र सो कार्यक्रम कार्यान्वयन भएको।<br>• कर्मचारी तथा पदाधिकारीहरुको लैससास सम्बन्धी क्षमता विकासका कार्यक्रमहरु गर्ने गरेको।<br>• महिला विरुद्ध हुने हिंसा तथा सामाजिक कुसस्कारका बारे पदाधिकारी तथा कर्मचारीहरु | • बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्दताहरूका बारेमा पदाधिकारीहरू र कर्मचारीहरूलाई अभिमुखीकरण गर्नुपर्ने<br>• पदाधिकारी तथा कर्मचारीहरुमा कानुन मस्यौदा तर्जुमा सम्बन्धी विषयमा अभिमुखीकरण तालिम संचालन गर्नुपर्ने<br>• समुदाय स्तरमा लक्षित वर्गलाई आफ्नो हक अधिकार र कर्तव्य | • लक्षित वर्गको नगरस्तरीय संजाल गठनले कार्यक्रम संचालन गर्न सहज भएको<br>• स्थानीय स्तरमा नै दक्ष जनशक्ति उत्पादन गर्न सकिने | • प्रयास बजेट विनियोजन नहुनु<br>• मानव संसाधनका बिषयहरु प्राथमिकतामा नपर्नु |

| मूल शीर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| | सचेत भई हिंसा निर्मुल पार्नको लागि समय समयमा जनचेतनामुलक कार्यक्रमहरु हुने गरेका।<br>• समाजमा रहेका विभिन्न सामाजिक कुरीति हटाउन कार्यक्रमहरू संचालन गरेको।<br>• विपद् व्यवस्थापनको लागि विपद् कोष व्यवस्थापन कार्यविधि निर्माण गरी कार्यान्वयन गरिएको साथै विपद् व्यवस्थापन सम्बन्धि कार्यक्रम गर्दा समुदायको सबै वर्गको प्रतिनिधित्व हुने गरी गर्ने गरेको। | सम्बन्धी सचेतिकरण गर्ने कार्यक्रमहरु संचालन गर्नुपर्ने। | | |
| सेवा प्रवाह | • कार्यपालिका तथा सभाबाट नीति, कानुन जारी गरी सोहि बमोजिम योजना, कार्यक्रम संचालन हुने गरेको<br>• व्यापक जनसहभागिता, सेवा प्रवाहमा निष्पक्षता<br>• महिला तथा पिछडिएका र अल्पसंख्यक समुदायलाई निर्णायक तहमा सहभागिता<br>• वाषिक योजना तथा कार्यक्रमहरु सार्वजनिकरण गरेको<br>• संघ, प्रदेश कानून बमोजिम कार्यन्वयन, समन्वय | • नेपाल सरकारले अन्तर्राष्ट्रिय रुपमा गरेको प्रतिवद्धतालाई कार्यक्रममा समेटी कार्यन्वयन गर्नुपर्ने<br>• सूचना स्थानीय भाषामा प्रवाह तथा प्रशारण गर्ने<br>• रेडियो, एफ.एम. र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गर्नुपर्ने | • पिछडीएको वर्ग समुदायका मुद्दाहरुको सुनुवाईमा ध्यान पुगेको<br>• सरकारद्वारा सम्वन्धित वर्ग समुदायलाई भएको सम्वोधन वारे जानकार हुने<br>• स्वच्छ वातावरण, सरसफाई र गुणस्तरीय खानेपानी व्यबस्था हुने | • बेइजिङ्ग घोषणा पत्रका/ वाल अधिकारलाई गरेको अन्तर्राष्ट्रिय प्रतिबद्धतालाई कार्यान्वयन गर्न कठिन |

| मूल शीर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| | र सहजीकरण भएको<br>• महिलाको प्रजनन् स्वास्थ्य सुधार सम्बन्धी विशेष कार्यक्रमहरु संचालनमा रहनु।<br>• शिक्षा खानेपानी तथा सरसफाई र पूर्वाधार विकासको लागि उचित वजेटको व्यवस्था भएको।<br>• वेरोजगार युवा, गरिव परिवार, महिला तथा पिछडिएका समुदायको आर्थिक सशक्तिकरणको लागि केहि मात्रामा स्वरोजगार, आय मुलक र सिपमुलक कार्यक्रमको व्यवस्था गर्ने गरेको।<br>• आर्थिक अवस्था कमजोर भएका परिवारका बालिका तथा वञ्चितिकरणमा परेका समुदायका सबै बालबालिकालाई दिवा खाजा, निशुल्क पाठ्यपुस्तक र शैक्षिक सामाग्री तथा पोसाक उपलब्ध गराउन छात्रबृत्तिको व्यवस्था गरी सबैलाई गुणस्तरीय शिक्षामा पहुँच पुगेको। | • प्रजनन् स्वास्थ्य सम्बन्धी निति बनाई प्रभावकारी रुपमा कार्यन्वयनमा ल्याउनु पर्ने।<br>• युवा महिलाहरुलाई प्राविधिक शिक्षामा पहुँच बढाउन ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, खाध प्रविधि, वन, स्वास्थ्य र पूर्वाधार लगायतका विषय सम्बन्धी प्राविधिक) र सामाजिक परिचालक तयार गर्ने नीति लिई सो अनुरूप कार्यक्रम संचालन गर्नुपर्ने।<br>• विपन्न परिवारको खाद्यसुरक्षा सुनिश्चित गर्नुपर्ने। | क्रममा रहेको | |
| सुशासन तथा उत्तरदायित्व | • विधिको शासन प्रवर्धन, जनसहभागिता अभिवृद्धि, भ्रष्टाचार बिरूद्ध शून्य सहनशीलता, सेवा प्रवाहमा निश्पक्षता र महिला तथा लक्षित समुहलाई अग्राधिकार दिने नीति लिई सो | • महिला तथा पिछडिएका वर्गका लागि विभिन्न कार्यक्रमहरु लागु गरिएको तथा उक्त कार्यक्रमवाट सरोकारवालालाई पुगेको लाभ | • स्थानीय तह, संघ र प्रदेश सरकारले तय गरेको नीति, कानून तथा कार्यक्रमहरु कार्यान्वयन, | • भ्रष्टचार तथा विधिको शासन सम्बन्धी नीति नियमको प्रभावकारी रुपमा कार्यन्वयन हुन। |

| मूल शीर्षक | सबल पक्षहरू | सुधार गर्नुपर्ने पक्षहरू | अवसर | चुनौति |
|---|---|---|---|---|
| | वमोजिम कार्यान्वयन गरेको।<br>• पारदर्शीता र जवाफदेहिताको लागि नियमित रुपमा कार्यक्रमको सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, पत्रकार भेटघाट र स्थानीय संचार माध्यमद्वारा सुचनाको प्रदान गरिएको।<br>• संयुक्त राष्ट्रसङ्घीय बाल अधिकार महासन्धी, १९८९ मा उल्लेख भए अनुरुपका प्रतिबद्धता कार्यान्वयन गर्न रकम विनियोजन गरी कार्यक्रम संचालन गरेको।<br>• स्थानीय सरकारका जनप्रतिनिधि र कर्मचारीको आचार संहिता प्रभावकारी रुपमा कार्यान्वयनमा रहेको<br>• स्थानीय तह, संघ र प्रदेश सरकारले तय गरेको नीति, कानून तथा कार्यक्रमहरु कार्यान्वयन, सहकार्य र समन्वय गर्ने गरेको।<br>• लैङ्गिक समानता तथा समावेशी विकासको लागि वडा तहमा विभिन्न सरोकारवाला निकायहरू बीच सञ्जालिकरण गरी लैससास क्षेत्रको विकासको लागि कार्यक्रमहरु गरिएको। | असर र प्रभावको उचित विश्लेषण गर्नुपर्ने।<br>• योजना, तथा कार्यक्रमहरुको अनुगमन तथा मुल्यांकन गर्दा लै.स.सा.स दृष्टिकोणवाट विश्लेषण गर्न अनुगमन तथा मुल्यांकन समितिको क्षमता विकास गरी उतकृष्ट मापदण्ड तयार गर्नु पर्ने।<br>• महिला बिरुद्द हुने सबै प्रकारका भेदभाव तथा सामाजिक कुसंस्कार उन्मुलनको लागि तयार भएका राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, महासन्धि कार्य योजना तथा घोषण पत्रको बारे कर्मचारी तथा पदाधिकारिहरुलाई अभिमुखिकरण गर्नुपर्ने। | सहकार्य र समन्वय<br>• लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरू बीच सञ्जालिकरण र सहकार्य । | • सम्पुर्ण शाखाका कर्मचारी, जनप्रतिनिधि तथा सम्बन्धीत सरोकारवाला वीच समन्वय गर्नु। |

## १२. लैङ्गिक तथा सामाजिक समावेशीकरण विकास कार्ययोजना

| अवस्था सुधारका लागि आवश्यक क्रियाकलापहरु | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने/नपर्ने | |
|---|---|---|---|---|---|---|
| | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| **नीति, कानून र योजना (पूर्णाङ्क - २०, प्राप्ताङ्क — १४)** | | | | | | |
| • नीति कानून, योजना तथा कार्यविधिको मस्यौदामा लैससास दृष्टिले छलफल, वहस र समिक्षा गर्ने। | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व २०८०/८१ | | ✓ |
| • नीति, कानून, निर्देशिका तथा योजनाहरु लैससास दृष्टिकोणले पुनरावलोकन गर्ने । | लैससास कार्यान्वयन समिति | कार्यपालिका | लैससास कार्यान्वयन समिति | २०८०/८१ सम्म | ✓ | |
| • वार्षिक र आवधिक योजना तथा कार्यक्रममा लैससास लक्ष्य रणनीति निर्धारण गरी कार्यान्वयन गर्ने । | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ.व २०८०/८१ बाट निरन्तर | | ✓ |
| • योजना तर्जुमा गर्दा महिला तथा पछडिएको वर्गसंग छलफल गरी रणनीतिक तथा व्यवहारीक आवश्यकताको पहिचान गरी कार्यक्रम तर्जुमा गर्ने। | वडा समिति | कार्यपालिका | वडा समिति | निरन्तर | | ✓ |
| • नगरपालिकाको लैससास नीति, रणनीति कार्यन्वयन गर्ने। | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | निरन्तर | ✓ | |
| **संस्थागत व्यवस्था - (पूर्णाङ्क - २०, प्राप्ताङ्क -१५.५)** | | | | | | |
| • निर्णायक तहमा महिलाहरू (पदाधिकारी/कर्मचारी) को ( ५०।५० प्रतिशत) प्रतिनिधित्व सुनिश्चित गर्ने, कार्यपालिकाका महिला | लैससास कार्यान्वयन समिति | कार्यपालिका | प्रशासन शाखा | आ.व.२०८० | ✓ | |

| अवस्था सुधारका लागि आवश्यक क्रियाकलापहरु | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने/नपर्ने | |
|---|---|---|---|---|---|---|
| | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| सदस्यहरुको क्षमता विकास गर्ने। | | | | /०८१ बाट | | |
| • कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, क्षेत्र, लिङ्ग र समुदाय लगायत लक्षित वर्गको समानुपातिक प्रतिनिधित्व हुने रणनीति तयार गर्ने। | प्रशासन शाखा | कार्यपालिका | प्रशासन शाखा | आ.व. २०८० /०८१ | | ✓ |
| • पदाधिकारी तथा कर्मचारीलाई क्षमता विकासका अवसर प्रदान गर्दा महिला कर्मचारी तथा पदाधिकारीहरुलाई प्राथमिकता दिने व्यवस्था गर्ने | प्रशासन शाखा | कार्यपालिका | नगरपालिका | निरन्तर | | ✓ |
| • महिला तथा पिछडिएका वर्गको क्षमता विकसका कार्यक्रम गरी समिति, उपसमिति तथा कार्यदलमा प्रमुख निर्णायक भुमिकामा ल्याउने। | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | निरन्तर | ✓ | |
| **मानव संसाधन तथा क्षमता विकास (पूर्णाङ्क - २०, प्रासाङ्क — १६.५)** | | | | | | |
| • कर्मचारी तथा पदाधिकारीको लै.स.सा.स सम्बन्धि राष्ट्रिय तथा अन्तराष्ट्रिय नीति, कानून, घोषण पत्र आदि सम्बन्धि अभिमुखिकरण गर्ने। | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | दोस्रो चौमासिक | ✓ | |
| • नगरपालिकाको लैङ्गिक तथा समावेशी विकासको लागि क्षमता विकास कार्ययोजना तयार गर्ने। | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | निरन्तर | ✓ | |
| • निर्वाचित जनप्रतिनिधि र कर्मचारीलाई नेपालको संविधान, स्थानीय सरकार संचालन ऐन, अन्तसरकारी वित्त व्यवस्थापन ऐन, मुलुकी | सामाजिक विकास शाखा | कार्यपालिका | प्रशासन शाखा | तेस्रो चौमासीक भित्र | ✓ | |

| अवस्था सुधारका लागि आवश्यक क्रियाकलापहरु | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने/नपर्ने | |
|---|---|---|---|---|---|---|
| | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| संहिता तथा नीति तथा कार्यविधि निर्माण प्रकृया वारे अभिमुखिकरण गर्ने। | | | | | | |
| • समुदाय स्तरका महिलालाई कानूनी साक्षरता कार्यक्रम संचालन गर्ने। | सामाजिक विकास शाखा | कार्यपालिका | वडा समिति | दोस्रो चौमासीक | | ✓ |
| **सेवा प्रवाह (पूर्णाङ्क - २०, प्राप्ताङ्क — १५)** | | | | | | |
| • महिला तथा लक्षित समुदायलाई लक्षित गरी बैकल्पिक उर्जाको प्रोत्साहन गर्ने | योजना तथा प्राविधिक शाखा | कार्यपालिका | योजना तथा प्राविधिक शाखा | आ.व. ०८० /०८१ भित्र | | ✓ |
| • वार्षिक नीति तथा कार्यक्रम तथा आवधिक योजनामा महिला तथा युवाको प्रत्यक्ष लाभ पुग्ने गरी स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू संचालन गर्न बजेट बिनियोज गर्ने। | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | निरन्तर | | ✓ |
| **सुशासन तथा उत्तरदायित्व (पूर्णाङ्क - २०, प्राप्ताङ्क — १५.५)** | | | | | | |
| • महिला अधिकार तथा समानताका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारे कर्मचारी तथा पदाधिकारीहरुलाई अभिमुखिकरण गर्ने। | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | निरन्तर | | ✓ |
| • महिला विरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि, राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजना, मानव अधिकार कार्ययोजना तथा छुवाछुत विरूद्धको कार्ययोजनामा स्थानीय सरकारको जिम्मेवार पदाधिकारी तथा | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | दोस्रो चौमासीक | ✓ | |

| अवस्था सुधारका लागि आवश्यक क्रियाकलापहरु | क्रियाकलाप सञ्चालन गर्ने जिम्मेवारी | | | समयावधि | थप दायित्व पर्ने/नपर्ने | |
|---|---|---|---|---|---|---|
| | पहलकर्ता | निर्णयकर्ता | कार्यान्वयनकर्ता | | पर्ने | नपर्ने |
| कर्मचारीलाई अभिमुखिकरण गर्ने। | | | | | | |
| • लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न सरोकारवाला निकायहरूबीच संजालीकरण गरि प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिम दिने। | सामाजिक विकास शाखा | कार्यपालिका | सामाजिक विकास शाखा | आ. व. २०८०/८१ सम्म | ✓ | |

## १३. निश्कर्ष

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण पश्चात् नगरपालिकाका निर्वाचित जनप्रतिनिधि तथा कर्मचारीहरुलाई लैससासको अवधारणा, लैससास सबै क्षेत्रमा मुलप्रवाहिकरण गर्नुपर्ने र लैससास एक अन्तरसम्बन्धित सवाल (Cross cutting issue) रहेको कुरा प्रस्ट भएको छ। आगामी दिनमा नगरपालिकालाई लैङ्गिक समानता तथा सामाजिक समावेशीकरणमैत्री नगर बनाई थप सशक्तिकरणका कार्यक्रम सञ्चालन गर्नका लागि पनि परीक्षणले मार्ग प्रशस्त गरेको छ। मुख्यतया लैससास परीक्षण पश्चात निम्नानुसार उपलब्धीहरु भएका छन।

- कानून तथा नीति तर्जुमा गर्दा लैङ्गिक तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका व्यक्ति तथा समुहको सुझाव लिने गरेको र स्वीकृत कानून तथा नीतिहरु नगरपालिकाको वेवसाईटबाट सार्वजनिक गरिएको ।
- नगरपालिकाको योजना महिला, बालवालिका, अपाङ्गता भएका व्यक्ति तथा पछाडी पारिएका वर्ग तथा समुदायलाई लाभ पुग्ने गरी बनेको ।
- महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको ।
- वार्षिक नीति, कार्यक्रम तथा बजेट तर्जुमा गर्दा लैससास मैत्री हुनु पर्ने विषयमा सबै पदाधिकारी तथा कर्मचारीको प्रतिवद्धता।
- समुदाय स्तरका आधारभूत खण्डीकृत सुचना संकलन तथा अध्यावधिक गर्ने गरेको ।
- जातिगत छुवाछुत, बाल विवाह, बहु विवाह, सबै प्रकारका हिंसा आदि हटाउन कार्यक्रमहरू संचालन गरेको ।
- सार्वजनिक परीक्षण, सामाजिक परीक्षण, सार्वजनिक सुनुवाई, नियमित पत्रकार भेटघाट र सूचनाको सार्वजनिकीकरण कार्यक्रममा लक्षित समुहका व्यक्ति तथा समुदायका सदस्यको उपस्थिति गर्ने गरेको ।
- नगरपालिकाको Website मा विभिन्न सुचनाहरु वार्षिक नीति तथा कार्यक्रम, बजेट, आय, पाश्र्वचित्र आदि निरन्तर सार्वजनिक गर्ने गरेको।

समग्रमा लैससासको दृष्टिकोणले प्यूठान नगरपालिकाको अवस्था राम्रो देखियो। बिषयगत रुपमा हेर्दा मानव संसाधन तथा क्षमता विकास तुलनात्मक रुपमा सबै भन्दा राम्रो देखिन्छ। त्यस्तै, सुशासन तथा उत्तरदायित्व, संस्थागत व्यवस्था र सेवा प्रवाह मध्यम देखिन्छ। नीति, कानुन, योजना बिषय केहि कमजोर देखिन्छ ।

सुशासन तथा उत्तरदायित्व भित्र सुचना तथा संचार र सेवा प्रवाह अन्तरगत पनि स्वारोजगार तथा आय आर्जन र बजार व्यवस्थापन कमजोर रहेको देखिन्छ। नीति कानून तथा योजनाको सह बिषय नीति कानूनमा समावेशीता तथा योजना तर्जुमा तथा कार्यान्वयनमा सुधार गर्नुपर्ने अवस्था देखिन्छ।

लैससासलाई सबै क्षेत्रमा मुलप्रवाहिकरण गर्न नगरपालिकाले लैससास रणनीति २०७८ निर्माण गरी कार्यान्वयन शुरु गरेको र नीति, योजना तथा कार्यक्रमहरुमा महिला तथा लक्षित वर्गको अर्थपूर्ण सहभागिताको सुनिश्चित गरेको छ। नगरपालिकाले धेरै सुचकहरुमा राम्रो नतिजामुलक काम गरेको भएता पनि प्रमाणीकरणका अभिलेख व्यवस्थित तरिकावाट नराख्राले नतिजा केहि कम आएको छ। आगामी दिनमा प्रमाणिकरणको आधारहरु अभिलेखमा ध्यान दिएमा अझै राम्रो नतिजा हाँसिल हुनेछ।

## १४. सुझावहरु

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणबाट आएको अंकभार, विभिन्न दस्तावेजहरुको अध्ययन र सम्पुर्ण सुचकहरुको छलफलबाट लैससास पूर्ण रुपमा कार्यान्वयन गर्न देहाय बमोजिमका सुझावहरु रहेको छ।

- लैससास शीर्षकमा विनियोजन भएका बजेटहरु खर्चको लागि छुट्टै कार्य योजना बनाएर कार्यक्रम समयमा नै सम्पन्न गर्नुपर्ने।
- नगरपालिकाले लैससास परीक्षण प्रत्येक वर्ष गर्दै आएको छ यसलाई निरन्तरता दिंदै आर्थिक वर्षको पहिलो चौमासिक भित्र गर्नुपर्ने।
- हरेक विषयगत शाखाले आफ्नो कार्यक्रम गर्दा लैससासलाई मुलप्रवाहिकरण गर्नुपर्ने।
- हरेक कुराको सशक्तिकरण आर्थिक स्रोतको पहुँच र निर्णय तहमा सहभागिताले निर्धारण हुने हुनाले महिला, पिछडिएका वर्ग, सिमान्तकृत समुदायलाई स्वरोजगार तथा आयआर्जनका लागि व्यवसाय, कृषि र बजार सम्बन्धी स्रोत, सिप तथा प्रविधिको व्यवस्था गर्नुपर्ने।

नोट: मुल्याङ्कन गर्दा राम्रो अवस्थालाई १ अंक, मध्यम अवस्थालाई ०.५ अंक र अति कमजोर अवस्थालाई ० अंक दिनु पर्नेछ।तल दिएको तालिकामा प्रत्येक सूचकमा '१', '०.५', र '०' अंक पाउने अवस्था र सो को प्रमाणीकरणको आधार राखिएको छ।यी सूचकमा गरिने मूल्याङ्कन सामुहिक मूल्याङ्कन हो।समूहमा पहिला सूचकमा छलफल गरी सोको अवस्थाबारे सहमतिमा अंक प्रदान गर्नु पर्नेछ।

| सिनं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचकको अङ्क | प्रासाङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | नीति, कानून, योजना १० | नीति र कानूनमा समावेशिता सहभागिता | ८ | १.१.१ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरे \नगरेको । | ०-१ | १ | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र शब्द चयन समावेशी र सहभागितामूलक हुने गरेको । | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा, मस्यौदाको बिषयवस्तु र शब्द चयन आँसिक रुपमामात्र समावेशी र सहभागितामूलक हुने गरेको । | स्थानीय तहको नीति तथा कानूनको मस्यौदा तयार गर्ने कार्यदिशामा लैससासको दृष्टिले सम्पादन गर्ने गरी कार्यटोली निर्माण, पूर्व दस्तावेजको समीक्षा गर्दा लैससास दृष्टिकोणले भएको, मस्यौदाको बिषयवस्तु र समावेशी शब्द चयन र सहभागितामूलक हुने नगरेको। | स्थानीय तहले स्वीकृत गरेका नीति तथा कानूनी दस्तावेजहरु र स्वीकृतिको लागि प्रस्तुत गरेका मस्यौदा नीति तथा कानूनी दस्तावेजहरु । यस सम्बन्धी निर्णय फाइलहरु । |
| २ | | | | १.१.२ | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे लेखाजोखा वा विश्लेषण गरि सुनिश्चित गर्ने गरे /नगरेको । | ०-१ | १ | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे हरेक दस्तावेजमा लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको । | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको बारे आँसिकरुपमा ( केही दस्तावेज) मात्र लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने गरेको | स्थानीय तहले आफ्ना नीति, कानून, योजना जारी गर्नु भन्दा अगाडि लैससासको दृष्टिले उपयुक्त भए नभएको सम्वन्धमा कुनै दस्तावेज उपर लेखाजोखा वा विश्लेषण गरी सुनिश्चित गर्ने नगरेको | स्थानीय तहले आफ्ना नीति, कानून, योजना का दस्ताबेजहरू र लेखाजोखा सम्पन्न भएको प्रमाणित गर्ने कागजातहरु र समिति, शाखा, महाशाखा, कार्यपालिकाका छलफल तथा निर्णयहरु। |
| ३ | | | | १.१.३ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु समावेश भए /नभएको । | ०-१ | १ | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु समावेश भएको । | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु आँसिक रुपमामात्र समावेश भएको । | स्थानीय तहको नीति र योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास (स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजनामा भएका नीतिहरू) सम्वन्धी विषयहरु समावेश नभएको । | स्थानीय तहका स्थानीय कानुन, नीति, आवधिक र बार्षिक योजना सम्वन्धी दस्तावेजहरू, स्थानीय राजपत्र । |

| सिनं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | | | | १.१.४ | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीतिहरु छन् / छैनन् ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरे/नगरेको । | ०-१ | ०.५ | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति भएको र यस्तो नीति, स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था गरेको । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति भएको तर स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा खास व्यवस्था नगरेको । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास, सामाजिक विभेदको अन्त्य तथा लैससास परीक्षण गर्ने अलग्गै नीति नभएको र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामा समेत कुनै खास व्यवस्था नगरेको । | महिला र पुरुष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यकको समविकास तथा लैससास तथा सामाजिक विभेद अन्त्य गर्ने नीति दस्तावेज र स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकाहरू, स्थानीय राजपत्र |
| ५ | | | | १.१.५ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको / नराखिएको । | ०-१ | १ | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्ग लगायतमा हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने प्रावधान राखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्गमा लगायत हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने सिमित प्रावधान मात्र राखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, तथा कार्यविधिमा महिला, किशोरी, बालिकाहरु तथा लक्षित वर्गमा लगायत हुने सबै प्रकारका विभेदजन्य कार्यहरु अन्त्य गर्ने कुनै प्रावधान नराखिएको । | स्थानीय तहले कार्यान्वयनमा ल्याएका ऐन, नियम, कार्यविधिहरू र तिनको लैससास दृष्टिले विश्लेषण गरिएको दस्तावेज तथा स्थानीय राजपत्र । |
| ६ | | | | १.१.६ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाए / नमिलाएको । | ०-१ | १ | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको र सोहि अनुरूप कार्यन्वयन हुने गरेको । | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने हिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध मिलाएको तर कार्यान्वयन नभएको । | संघीय कानूनले व्यवस्था गरे बमोजिम स्थानीयस्तरमा महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुनेहिंसा र विभेद उपर सुनुवाई हुने प्रवन्ध नमिलाएको । | महिला तथा वञ्चितीमा परेको समुदाय माथि हुने विभेद उपर सुनुवाई भएका प्रमाणित कागजातहरू र माहिला तथा वञ्चितीमा परेका समुदायहरुको स्वयम भनाइहरुको दस्तावेज |
| ७ | | | | १.१.७ | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहे । नरहेको । | ०-१ | १ | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधान रहेको र सो को कार्यान्वयन भएको । | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा विभेद अन्त्य गर्ने प्रावधानमात्र रहेको तर सो को कार्यान्वयन नभएको । | स्थानीय नीति तथा कानूनमा महिला, पुरूष लगायत लैङ्गिक तथा यौनिक अल्पसंख्यक उपर हुने श्रमको ज्यालामा अन्त्य गर्ने कुनै प्रावधान नरहेको। | स्थानीय नीति तथा कानून, श्रमको ज्याला भुक्तानी दस्तावेज तथा विवरण |

| सिनं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| ८ | | | | १.१.८ | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहे / नरहेको | ०-१ | ० | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधानहरु रहेको र सो को कार्यान्वयन भएको । | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने प्रावधान रहेको तर सो को कार्यान्वयन नभएको । | स्थानीय तहको नीति तथा कानूनमा रैथाने र आप्रवासी कामदार तथा श्रमजीवी उपर हुने विभेद रोक्ने कुनै प्रावधान नरहेको। | स्थानीय तहको श्रम नीति तथा कानून, दस्तावेज र समीक्षा प्रतिवेदन । |
| ९ | | योजना तर्जुमा र कार्यान्वयन | ८ | १.२.१ | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरे / नगरेको | ०-१ | ०.५ | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश गरिएको । | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि आँसि नीति, रणनीति, कार्यक्रम रहेको तर सोको मापनयोग्य लक्ष्य समावेश नगरिएको | आवधिक योजना र वार्षिक विकास कार्यकममा लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम र सोको मापनयोग्य लक्ष्य समावेश नगरिएको | आवधिक योजना, वार्षिक विकास कार्यकम, लैङ्गिक तथा समावेशी विकासको लागि नीति, रणनीति, कार्यक्रम, लक्ष्य तथा उपलव्धी सम्बन्धी आवधिक प्रतिवेदन |
| १० | | | | १.२.२ | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरे / नगरेको । | ०-१ | १ | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा सबै लक्षित समूहको अवस्था विश्लेषणको आधारमा सो समूहलाइ प्रत्यक्ष्य फाइदा पुग्ने गरी कूल पूँजीगत बजेटको निश्चित प्रतिश छुट्याउने गरेको | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा केहि लक्षित समूहको अवस्था विश्लेषण गरि कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने गरेको । | गाउँपालिका /नगरपालिकाको स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले बजेट सीमा निर्धारण गर्दा महिला, बालबालिका तथा कुनै पनि लक्षित समूहको अवस्था विश्लेषण नगरेको तथा कूल पूँजीगत बजेटको निश्चित प्रतिशत छुट्याउने नगरेको । | गाउँपालिका / नगरपालिकाको महिला, बालबालिका, तथा लक्षित समूहको अवस्था विश्लेषण प्रतिवेदन /पार्श्वचित्र /प्रोफाईल, बजेट सीमा, वार्षिक बजेट तथा विकास कार्यक्रम |
| ११ | | | | १.२.३ | स्थानीय तहको योजना पहिचान तथा छनौट गर्दा लक्षित समूहको सक्रीय सहभागिता हुने गरे, नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने गरे / नगरेको | ०-१ | ०.५ | स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा सबै लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने गरेको | स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा केही मात्र लक्षित समूहको सक्रीय सहभागिता हुने गरेको र लक्षित समुहले छनौट गरेका केही योजनामात्र प्राथमिकतामा पर्ने गरेको । | स्थानीय तहले गाउँ, वस्तीस्तरबाट योजना पहिचान तथा छनौट गर्दा कुनैपनि लक्षित समूहको सक्रीय सहभागिता हुने नगरेको र लक्षित समुहले छनौट गरेका योजना प्राथमिकतामा पर्ने नगरेको । | सहभागी सूचीफोटो र<br>वडास्तरबाट छनौट योजना तथा कार्यक्रमको सूची<br>निर्णय पुस्तिका,<br>स्वीकृत वार्षिक कार्यक्रम |

| सिनं | मूल बिषय | सहायक बिषय | अङ्क | सूचक नं | सूचक | सूचकको अङ्क | प्राप्ताङ्क | १ अंक आउने अवस्था | ०.५ अंक आउने अवस्था | ० अक आउने अवस्था | प्रमाणिकरणको आधार |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
